# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०७।१९ गते

## प्रेस विज्ञप्ति

**विषय: आयोगको कार्यालय, कञ्चनपुरको नवनिर्मित भवनको उद्घाटन।**

---

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुरको नवनिर्मित भवनको आयोगका माननीय प्रमुख आयुक्त श्री नवीनकुमार घिमिरेले मिति २०७५ साल कार्तिक १९ गतेका दिन विशेष कार्यक्रमका बीच उद्घाटन गर्नुभयो ।

उक्त कार्यक्रममा आयोगका प्रमुख आयुक्त घिमिरेले भ्रष्टाचार नियन्त्रणको विषय राष्ट्रिय एजेन्डा हुनुपर्ने र भ्रष्टाचार नियन्त्रण गर्ने कार्य आयोगको एक्लो भूमिकाबाट मात्र नभई राज्यका सबै क्षेत्रको सहकार्यबाट मात्र संभव हुने कुरामा प्रकाश पार्नुभयो । वहाँले भ्रष्टाचार नियन्त्रणसम्बन्धी अन्तरक्रिया स्थानीय तहको वडा तहसम्म पुग्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । विकास निर्माणसम्बन्धी कार्यको ठेक्का स्वीकृति पश्चात समयमै सम्पन्न नगर्ने प्रवृतिलाई नियन्त्रण गर्न सुरुवात गरिएको विषयमा प्रकाश पार्दै उहाँले छिटो छरितो रुपमा जनताका कार्य सम्पन्न गर्न सरोकारवाला निकायसँग आग्रह समेत गर्नुभयो ।

आयोगको कार्यालय कञ्चनपुरको उक्त भवन कञ्चनपुर जिल्ला भीमदत्त नगरपालिका वडा नं.-४ महेन्द्रनगरस्थित कित्ता नं. १५४३ को १-०-०-० एक बिघा (६७७३ वर्गमिटर) मा निर्माण भएको छ । सो भवनको निर्माण लागत अनुमान रु.९,१२,४४,७६०।२१ (अक्षरेपी रु. नौ करोड बाह्र लाख चौवालीस हजार सातसय साठी र पैसा एक्काइस मात्र) रहेकोमा मिति २०७१।११।१८ मा निर्माण व्यवसायी कोशी एण्ड न्यौपाने नागार्जुन वाई आर जे.भी. सँग रु.७,३६,९८,९५२।५६ (अक्षरेपी रु. सात करोड छत्तीस लाख अन्ठानब्बे हजार नौ सय बाउन्न र पैसा छपन्न मात्र)(मू.अ. कर सहित) मा सम्झौता भएकोमा निर्माण व्यवसायीलाई रु.७,२२,७४,१५२।- (अक्षरेपी रु. सात करोड बाइस लाख चौहत्तर हजार एकसय बाउन्न रुपैयाँ मात्र)(मू.अ.कर सहित) कुल भुक्तानी भएको हो । उक्त कार्यालय परिसरमा दुई तल्लाको प्रशासनिक भवन र तीन तल्लाको प्रहरी भवन रहेको छ र दुवै भवनले ओगटेको कुल क्षेत्रफल १००४.५२ वर्गमिटर रहेको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता